# नौकुण्ड गाउँपालिकाको गाउँसभामा प्रस्तुत
# आर्थिक वर्ष २०८३।०८४ को
# आर्थिक विधेयक

गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश, नेपाल
२०८३ असार १० गते

## नौकुण्ड गाउँपालिकाको आर्थिक विधेयक,२०८३

### नौकुण्ड गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना: नौकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजश्व संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा सेवा शुल्कहरु निर्धारण गर्न वाञ्छनीय भएकोले,नौकुण्ड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

क) यस विधेयकको नाम "आर्थिक ऐन, २०८३" रहेको छ।

ख) यो विधेयक २०८३ साल श्रावण १ गतेदेखि नौकुण्ड गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पति कर:** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घर/जग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर/जग्गा वहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै/आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) वमोजिम घर/जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ।

बापत०

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुटः** यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

१७. संघिय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट विनियोजित वजेटबाट संचालन हुने आयोजनाहरूको सूचिदर्ता अनिवार्य गरिनेछ।

१८. फर्म, कम्पनी वा व्यवसायहरू अनिवार्य सूचिकृत गरिनेछ र सो सूचिकृत फर्म, कम्पनी वा व्यवसायहरूबाट मात्र सेवा लिईनेछ।

## अनुसुची १
## सम्पत्ति कर

| क.स. | विवरण | विस्तृत विवरण | दर (वार्षिक) रु. | | |
|---|---|---|---|---|---|
| | | | एक तले | दुई तले | तीन वा सो भन्दा बढी तले |
| १. | सम्पति कर | ढुङ्गा माटो जोडाई जस्ता, ढुङ्गा छानो | १०० | १५० | २०० |
| | | भुकम्प प्रतिरोधि घर जस्ता छानो भएको एक तले | २०० | २५० | ३०० |
| | | आर.सि.सि पक्की घर | ३०० | ४०० | ५०० |

## अनुसुची २
## भुमी कर (मालपोत)

| क.स. | विवरण | विस्तृत विवरण | दर(प्रति रोपनी) वार्षिक रु. | |
|---|---|---|---|---|
| | | | धनहर | पाखो |
| १. | भुमि कर | अब्बल | ३५ | ३० |
| | | सियम | ३० | २५ |
| | | सिम | २५ | २० |
| | | चाहार | २० | १५ |

नोटः १ वर्षभन्दा वढी समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा १० प्रतिशत, २ वर्षभन्दा बढी समय कर नबुझाउनेलाई २० प्रतिशत र ५ वर्ष भन्दा लामो समय कर नबुझाउनेलाई ३५ प्रतिशत थप जरिवाना लाग्नेछ ।

## अनुसुची ३
## घर/जग्गा वहाल कर

घर वहाल कर घर भाडाको १० प्रतिशत लगाईने छ ।
जग्गा बहाल कर जग्गा बहालको १ प्रतिशत लगाईने छ ।

## अनुसुची ४
## व्यवसाय कर
### व्यवसाय दर्ता/नवीकरण शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. |
|---|---|---|---|---|
| १. | व्यापार व्यवसाय कर | कपडा/फेन्सी/कस्मेटीक/व्याग/जुत्ता पसल | १००० | ५०० |
| | | सुन चाँदी गहना पसल | २००० | १००० |
| | | हार्डवेयर | ३००० | १५०० |
| | | सवारी साधन विक्री शोरुम | ३००० | १५०० |
| | | कलर ल्याव | १५०० | ८५० |
| | | केवुल तथा डिस होम | ५००० | ३०००<br>१००० |
| | | बैंक सरकारी/निजी | १०००० | ७००० |
| | | वित्तिय संस्था फाईनान्स | ४००० | २५०० |
| | | उत्पादक सहकारी | १००० | ५०० |
| | | महिला सहकारी | ८०० | ४०० |
| | | अस्पताल (निजी) | ३००० | २५०० |
| | | मेडिकल/आयुर्वेद | १००० | ५०० |
| | | किराना पसल वर्गिकरणको आधारमा | २००० | १००० |
| | | किराना जनरल स्टोर्स | ३००० | १५०० |
| | | एफ एम रेडियो सामुदायिक | ३००० | १५०० |
| | | एफ एम रेडियो निंजी | १५०० | ८५० |
| | | भाडा पसल | ५००० | ३००० |
| | | इेलेक्ट्रिक पसल | १०००० | ७००० |
| | | कम्प्यूटर/मोबाईल/टिभि विक्रि तथा मर्मत | ४००० | २५०० |
| | | पेट्रोल पम्प तथा थोक ग्यास विक्रेता | १००० | ५०० |
| | | फर्निचर तथा फर्निसिङ | ८०० | ४०० |

| | | | | |
|---|---|---|---|---|
| | | कोचिङ सेन्टर/ कम्प्यूटर ईन्स्टिच्यूट | ३००० | २५०० |
| | | कन्सल्टेन्सी/परामर्श सेवा/म्यानपावर | १५०० | १००० |
| | | माछा/ मासु | १००० | ५०० |
| | | गिफ्ट सामान | १००० | ५०० |
| | | फलफुल/तरकारी/ दुध | १००० | ५०० |
| | | मदिरा पसल थोक | ५००० | ४००० |
| | | मदिरा पसल खुद्रा | ३००० | २००० |
| | | स्टेसनरी थोक | ५००० | २००० |
| | | स्टेसनरी खुद्रा | २००० | १००० |
| | | पुल हाउस, स्नुकर हाउस संचालन | २००० | १००० |
| | | फोटोकपी/नेटवर्किङ/ साइवर | १००० | ५०० |
| | | व्यूटि पार्लर | १००० | ५०० |
| | | सिलाई कटाई तालिम | २००० | १०० |
| | | टेलरिङ | १००० | ५०० |
| | | सिसा प्लाईउड पसल | १००० | ५०० |
| | | साईनबोर्ड पेन्टिङ पसल | १००० | ५०० |
| | | सोलार | १५०० | ७५० |
| | | कुरियर सेवा | ५०० | ३०० |
| | | घ वर्गको निर्माण व्यवसायी | १०००० | ७००० |
| | | घरेलु तथा कृषि उद्योग गाई/ पशु फर्म | १००० | ५०० |
| | | फोटो ग्राफी/भिडियो | १००० | ५०० |
| | | सर्भेयर | १००० | ५०० |
| | | कानून व्यवसायी/ लेखनदास | २००० | १००० |
| | | ड्राईक्लिनर | १००० | ५०० |
| | | सवारी साधन मर्मत | २००० | १००० |
| | | सवारी साधन पार्टपूर्जा विक्री | २००० | १००० |
| | | हेयर कटिङ्ग | १००० | ५०० |
| | | एग्रोभेट/ विउविजन | १००० | ५०० |
| | | होस्टेल | १००० | ५०० |
| | | टेण्ट/ क्याटरिङ | १५०० | १००० |
| | | चटपटे/आइसक्रिम | १००० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | | मनि ट्रान्सफर | १००० | ५०० |
| | | ट्रेड सेन्टर | ३००० | २००० |
| | | डिपार्टमेन्टल स्टोर्स | ३००० | २००० |
| | | फुटकर व्यापारी अनुमती पत्र | एक महिनाको लागि रु.१००० | |
| | | टेलीफोन सेवा प्रदायक | २००० | १००० |
| | | ईन्टरनेट सेवा प्रदायक | २००० | १००० |
| २ | निर्माण उपकरण सूचि दर्ता | डोजर/रोलर/ग्रेडर दर्ता चेन भएको | वर्षको रु. १०००० एकमुष्ठ | |
| | | डोजर/रोलर/ग्रेडर दर्ता टायर भएको | वर्षको रु. १०००० एकमुष्ठ | |
| ३ | शैक्षिक संस्था, संघ संस्था, सहकारी | निजि विद्यालय | ५००० | २००० |
| | | क्याम्पस | १०००० | ३००० |
| | | प्राविधिक शिक्षालय | ३००० | २००० |
| | | संघ संस्था दर्ता | १००० | ५०० |
| | | लक्षित वर्ग/समूह दर्ता | ५०० | २५० |
| | | सहकारी | २००० | १००० |
| | | बित्तीय संस्था सुचिकरण | ५००० | |
| ४ | विमा एजेन्ट | विमा कम्पनी | १००० | ५०० |
| ५ | उद्योग व्यवसाय | छापाखाना | २००० | १००० |
| | | स्वदेशी वस्त्र उद्योग एंव शोरुम | ५०० | ३०० |
| | | ईटा टायल | २००० | १००० |
| | | होजियारी उद्योग | ५०० | ३०० |
| | | कुटानी पिसानी मिल (ठूलो) | १००० | ५०० |
| | | कुटानी पिसानी मिल (सानो) | ५०० | ३०० |
| | | जुत्ता उद्योग | १५०० | ७५० |
| | | भाडा उद्योग | १५०० | ७५० |
| | | आल्मुनियम पसल/स्टिल फर्निचर | २००० | १००० |
| | | तयारी पोशाक | १००० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | | पोल्ट्री फर्म | १००० | ५०० |
| | | सः मिल | २००० | १००० |
| | | ग्रिल उद्योग | २००० | १००० |
| | | पाउरोटि उद्योग | १००० | ५०० |
| | | फ्लेक्स प्रिन्ट | १००० | ५०० |
| ६ | होटल व्यवसाय | पार्टि प्यालेस | १५०० | १००० |
| | | पर्यटकस्तरीय होटल | २००० | १००० |
| | | सुत्ने खाने व्यवस्था भएको होटल/मिठाई पसल | १००० | ५०० |
| | | बार समेतको रेस्टुरा | १००० | ५०० |
| | | चिया नास्ता पसल सामान्य खालको | ५०० | ५०० |

अनुसुची ५

जडिबुटी, कवाडी र जीवजन्तु अवसेस कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | जटीवुटी कर कानूनद्धारा प्रतिवन्धित नभएको | | रु २ प्रतिकेजी |
| २ | जिवजन्तु करः रु.२ प्राकृतिक रुपमा मरेका तथा कानूनद्धारा प्रतिवन्धित नभएको | | रु.२ प्रतिकेजी |
| ३ | कवाडीमाल संकलन — प्रति ट्रिप | | रु २००० |

अनुसुची ६

सवारी साधन कर

| |
|---|
| सडक निर्माण तथा मर्मत संभार दस्तुर |
| विस्तृत अध्ययन पश्चात लागु गरिने |

अनुसुची ७

विज्ञापन कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर रु. |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | प्रति वर्ग फिट | ५ |
| २ | तुल व्यानर | प्रति गोटा | ५०० |
| ३ | गाडिमा सामान बोकि विज्ञापन | प्रति पटक | ५०० |

अनुसुची ८

मनोरञ्जन कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर रु. |
|---|---|---|---|
| १ | मनोरञ्जनात्मक कार्यक्रम | मेला/महोत्सव/कन्सर्ट/साँस्कृतिक कार्यक्रम प्रति पटक | १००० |

अनुसुची ९

बहाल बिरौटी कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर रु. |
|---|---|---|---|
| १ | निर्माण रेखदेख मर्मत सम्भार खर्च | कुल आयको | ५ प्रतिशत |

अनुसुची १०

पार्किङ शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर रु. |
|---|---|---|---|
| १ | प्रतिपटक पार्किङ शुल्क | हेभि ईक्वुपमेन्ट (डोजर, लोडर आदि) | १०० |
| | | चारपाङग्रे सवारी साधन ठूलो (बस, ट्रक, मिनि बस, ट्रयाक्टर) | ३० |
| | | कार, जिप, भ्यान | २५ |
| | | मोटरसाइकल | ५ |
| | | नोटः पार्किङ स्थल तोकिए पश्चात लागु गरिने | |

अनुसुची ११

ट्रेकिङ शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर रु. |
|---|---|---|---|
| १ | स्वदेशी | प्रति दिन | रु. २० |
| २ | विदेशी | प्रति दिन | १ (अमेरिकी डलर) |

अनुसुची १२

सेवा शुल्क दस्तुर

सिफारीस र प्रमाणित शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर रु. |
|---|---|---|---|
| १ | प्रमाणित शुल्क | व्यक्तिगत नाता प्रमाणित गर्ने | ५०० |
| | | कन्सुलर प्रमाणित | ५०० |
| | | मृतकसँगको नाता प्रमाण्ति | ५०० |

१५६

| | | | |
|---|---|---|---|
| | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | ५०० |
| | | हकवाला वा हकदार प्रमाणित गर्ने | २०० |
| | | घर बाटो प्रमाणित बाटो भएको/नभएको | ५००/३०० |
| | | चारकिल्ला प्रमाणित तीन तिर/दुई तिर/एक तिर/नभएको | ५००/४००/३००/१०० |
| | | अङ्ग्रेजी भाषामा गरिने नाता प्रमाणित | १००० |
| | | आम्दानी प्रमाणित ( अङ्ग्रेजी) २० लाख सम्म | ०.५% |
| | | आम्दानी प्रमाणित ( अङ्ग्रेजी) २१ लख देखि ५० लाख सम्म | ०.५% |
| | | आम्दानी प्रमाणित ( अङ्ग्रेजी) ५० लाख भन्दा माथि | ०.५% |
| | | आम्दानी प्रमाणित ( नेपालीमा) २० हजार सम्म माषिक | ५०० |
| | | आम्दानी प्रमाणित ( नेपालीमा) २० हजार देखि ४० हजार सम्म माषिक | १००० |
| | | बिवाद दर्ता शुल्क (अपांगता, वालवालिका,जेष्टनागरिक,एकल महिला छुट गरिन | २०० |
| | | आम्दानी प्रमाणित (नेपालीमा) ४० हजार माथि रु प्रति हजारमा | ०.३% थप |
| २ | धितो मुल्याङकन सिफारिस | अङग्रेजी/नेपाली रु १० लाख सम्म | १००० |
| | | अङग्रेजी/नेपाली रु १० लाख देखि २० लाख सम्म | ८०० |
| | | अङग्रेजी/नेपाली रु २० लाख देखि ५० लाख सम्म | १७०० |
| | | अङग्रेजी/नेपाली रु ५० लाख देखि १ करोड सम्म | ५०० |
| | | अङग्रेजी/नेपाली रु १ करोड देखि माथि ४००० मा थप | ०.०३% |
| ३ | सिफारीस | नागरिकता/नाबालक परिचयपत्र | २०० |
| | | प्रतिलिपि नागरिकता सिफारिस | ५०० |

| | | | |
|---|---|---|---|
| | | मोही लगत कट्टा | १०० |
| | | अंगीकृत नागरिकता | १००० |
| | | घर कायम | ५०० |
| | | ब्यवसाय वन्द | १००० |
| | | छात्रवृत्ति, विपन्न विद्यार्थी, अपाङ्ग, असहाय, विपद पिडित | निःशुल्क |
| | | अस्थायी/स्थायी बसोवास | २०० |
| | | विद्युत जडान | २०० |
| | | सर्जमिन मुचुल्का | ५०० |
| | | सिफारीस दस्तुर विविध प्रकारका | १०० |
| | | अङग्रेजी भाषमा गरिने विविध सिफारिस | १००० |
| ४ | व्यक्तिगत घटना दर्ता जरिवाना (३५ दिनभित्र निःशुल्क) | जन्म दर्ता | व्यक्तिगत घटना दर्ता जरिवाना (३५ दिनभित्र निःशुल्क) |
| | | मृत्यु दर्ता | |
| | | विवाह दर्ता | |
| | | बसाइसराइ जाने | |
| | | बसाइसराइ आउने तथा गा.पा. भित्र | |
| | | वाहिरी जिल्ला बाट बसाइसराइ आउनेको हकमा | |
| | | व्यक्तिगत घटना दर्ता ३५ दिन पछाडीः राष्ट्रिय परिचय पत्र तथा पंजिकरण नियमावली २०७७ अनुसार दर्ता शुल्क लिने। | |
| | | सम्बन्ध विच्छेद | |
| नोटः प्रतिलिपि बापत तोकिए बमोजिमको रु.५०० शुल्क लाग्नेछ। | | | |
| ५ | झै झगडा मुद्दा मामिला निवेदन | मिलापत्रका लागि मात्र | झै झगडा मुद्दा मामिला निवेदन |
| | | नगद/ जिन्सी दावी सहित | |
| नोटः झै झगडा/मुद्दा मामिलामा पिडक ठहरिए पश्चात सम्पूर्ण खर्च पिडकमार्फत भराईने | | | |
| ६ | निवेदन दर्ता शुल्क | | |

अनुसुची १३

पर्यटन शुल्क (प्रतिपटक)

| क्र.स. | विवरण | विस्तृत विवरण | दर रु. |
|---|---|---|---|
| १ | पर्यटन शुल्क | विदेशी | १००० |
| २ | | आन्तरिक पर्यटक (रसुवा जिल्ला बाहेक) | १००० |

अनुसुची १४

फोहोरमैला व्यवस्थापन शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | होटल व्यवसाय | वार्षिक | १५०० |
| २ | सरकारी तथा गैर सरकारी संघ संस्था तथा संस्थानहरु | वार्षिक | १५०० |
| ३ | पसल | मासिक | १०० |
| ४ | घरबाट निस्कने | मासिक | १० |

अनुसुची १५

नक्सा पास दस्तुर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर रु. | |
|---|---|---|---|---|
| | | | पक्की | |
| १ | घर नक्सा पास | प्रति वर्ग फिट | ४ | १ |
| २ | घर नक्शा अभिलेखिकरण | प्रति वर्ग फिट | ४ | |

अनुसुची १६

सडक अवरोध जरिवाना

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | सडक अवरोध जरिवाना | सडक खन्ने/पुर्ने अवरोध भएमा | सम्बन्धित आ.व.को लागि पालिकाको दररेट विष्लेश्न अनुसार लगाउने |

अनुसुची १७

संघ संस्था समुह दस्तुर

७१८

| क्र.स. | विवरण | विस्तृत विवरण | दर रु. | |
|---|---|---|---|---|
| | | | दर्ता शुल्क | नविकरण शुल्क |
| १ | संघ संस्था | युवा क्लब | २००० | १००० |

अनुसुची १८

ढुङ्गा गिटी बालुवा

| क्र.स. | विवरण | विस्तृत विवरण | दर रु. | |
|---|---|---|---|---|
| | | | टिप्पर | आइचर |
| १ | टेक्टर | ढुङ्गा, गिटि, बालुवा प्रति ट्रिप | IEE को प्रतिवेदन अनुसार प्रदेश कानून बमोजिम ठेक्का पट्टा मार्फत उठाईने | |
| २ | स्ल्याव ढुंगा | प्रति ट्रिप | २००० | १००० |
| ३ | ढुंगा | प्रति ट्रिप | ५०० | ३०० |

अनुसूची १९

सूचिदर्ता शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु. | |
|---|---|---|---|---|
| | | | दर्ता शुल्क | नविकरण |
| १ | सेवा खरिद र आपुर्ति सम्बन्धी मौजुदा सूची | | ५०० | - |
| २ | संघिय सरकार | संचालन हुने आयोजनाहरू | ५००० | २५०० |
| ३ | प्रदेश सरकार | संचालन हुने आयोजनाहरू | २५०० | १५०० |

अनुसूची २०

एम्बुलेन्स सेवा शुल्क

| क्र.सं. | प्रस्थान विन्दु | जाने/सेवा शुल्क रु. | | | कैफियत |
|---|---|---|---|---|---|
| | | त्रिशुली | जिबजिबे | काठमाडौ | |
| १ | वडा नं. १ ३ र ४ | ३५०० | ३००० | ६००० | |
| २ | वडा नं. १ को सिम्बन्दी, | ५००० | ४००० | ७००० | |
| ३ | वडा नं. २, | ३००० | २००० | ६००० | |

१. यस गाउँपालिकामा व्यवसाय गर्ने व्यवसायीहरुले आ.व.को अन्तसम्ममा व्यवसाय नविकरण नगराएमा देहाय बमोजिम जरिवाना लाग्नेछः

अर्को आर्थिक वर्षको असोज मसान्त सम्ममा जरिवाना नलाग्ने

कार्तिक — पुषमा नविकरण दस्तुरको २५% जरिवाना लाग्नेछ।

माघ — चैत्रमा नविकरण दस्तुरको ५०% जरिवाना लाग्नेछ।

वैशाख — असारमा नविकरण दस्तुरको ७५% जरिवाना लाग्नेछ।

अर्को आर्थिक वर्ष समाप्त भएपछि प्रतिवर्ष १००% का दरले थप जरिवाना लाग्नेछ।

२. एउटा व्यवसाय मुख्य भई सो भन्दा अरु प्रकृतिको वस्तु समेत विक्री गरेमा प्रत्येक प्रकृतिका आधारमा रु १०० का दरले थप दस्तुर लाग्नेछ।

३. कुनै धार्मिक वा पर्यटकिय मेला लाग्ने स्थलमा उक्त स्थल कारोवार र व्यवसाय हेरी विकास समितिले आम्दानिको २५% गाउँपालिकालाई वुझाउनु पर्ने छ।

४. नक्सा पास प्रयोजनका लागि तयार गरिएको निवेदन पुस्तिकाको मुल्य रु ५०० लाग्नेछ।

५. घरहरुका अनुगमन मूल्याङकन गर्दा अनुगमन शुल्क रु ५०० लाग्ने छ।

६. यस गाउँपालिकाले असुल गर्ने सेवा शुल्क तथा विभिन्न कर दस्तुर हरु ठेक्का प्रकृयावाट असुलउपर गर्दा ठेक्का लिने ठेकेदारले एकमुस्ठ रुपमा नगदै अग्रिम रकम दाखिला गर्न आएमा ठेक्का रकमको १०% रकम छुट दिइनेछ।

७. भुमिगत तला भन्नाले बाटो भन्दा तलको (Underground) पहिलो तलालाई मानि सो भन्दा माथिका तला हरुलाई क्रमशः पहिलो:,दोश्रो .... गरि गणना गरि नक्सा पास तथा घरकरको शुल्क लिइने छ।

८. अपाङ्ग,जेष्ठ नागरिक, विपद् बाट प्रभावित तथा विपन्नलाइ सिफारिस लगायत प्रशासनिक कार्यको शुल्क , दस्तुर मिनाहा गरिने छ।

९. नौकुण्ड गाउँपालिकाको व्याक हो लोडर प्रयोग गरेवापत इन्धनबाहेक प्रतिघण्टा रु १४०० (अक्षरेपी एक हजार चार सय रुपैयाँ मात्र) सेवा शुल्क लाग्नेछ।

१०. गाउँपालिकाको उपभोक्ता समितिले सुचि दर्ता गर्दा देहाय वमोजिमको शुल्क लाग्नेछ।

| क्र.सं. | देखि | सम्म | रकम (रु) |
|---|---|---|---|
| १ | ५० हजार रुपैया | ५ लाख रुपैया | १००० |
| २ | ६ लाख रुपैया | १० लाख रुपैया | १५०० |
| ३ | ११ लाख रुपैया | माथि सवै | २००० |

११. प्रदेशको योजनाको सुची दर्ता गर्दा रु. २५०० र नविकरण गर्दा रु १५०० लाग्नेछ।

१२. पालिकामा चल्ने तीन पाङग्रे सवारी ई-रिक्सा तथा अटो सवारी संचालन गर्दा सवारी दर्ता दस्तुर निजीको रु ८०० र भाडाको रु १००० लाग्नेछ। वार्षिक सवारी नविकरण रु. ५०० र अटोको वार्षिक कर रु ३५०० लाग्नेछ।

१३..गाउँपालिकाको टिफर प्रयोग गरे वापत निम्नानुसारको भाडा दर अग्रिम लाग्नेछ।

| क्र.सं. | देखि | सम्म | रु | कैफियत |
|---|---|---|---|---|
| १ | काठमाण्डौ | यार्सा,सिंवन्दी,दोक्लाङ,साङयुल,थाङदोर | ९००० | प्रति ट्रिप |
| २ | काठमाण्डौ | भोर्ले,पाच्र्याङ,सरमथली,पाटीखर्क,सरस्युं,आरुखर्क,लाङवु | ८००० | प्रति ट्रिप |
| ३ | धादिङ | यार्सा,सिंवन्दी,दोक्लाङ,साङयुल,थाङदोर | ८००० | प्रति ट्रिप |
| ४ | धादिङ | भोर्ले,पाच्र्याङ,सरमथली,पाटीखर्क,सरस्युं,आरुखर्क,लाङवु | ७००० | प्रति ट्रिप |
| ५ | धुन्चे | यार्सा,सिंवन्दी,दोक्लाङ,साङयुल,थाङदोर | ७००० | प्रति ट्रिप |
| ६ | धुन्चे | भोर्ले,पाच्र्याङ,सरमथली,पाटीखर्क,सरस्युं,आरुखर्क,लाङवु | ६००० | प्रति ट्रिप |
| ७ | त्रिशुली | यार्सा,सिंवन्दी,दोक्लाङ,साङयुल,थाङदोर | ६००० | प्रति ट्रिप |
| ८ | त्रिशुली | भोर्ले,पाच्र्याङ,सरमथली,पाटीखर्क,सरस्युं,आरुखर्क,लाङवु | ५००० | प्रति ट्रिप |

१४. नौकुण्ड गाउँपालिकाको कार्यालयवाट संचालन गरिने परिक्षा दस्तुर कार्यालय सहयोगी, चौथो तह तथा पाँचौ तहको लागि रु ५०० र छैठौं तह तथा अधिकृत स्तरको परिक्षाको लागि रु १००० दस्तुर लाग्नेछ।

१५. नौकुण्ड गाउँपालिकाको वजेटवाट संचालित योजनाको मुहान दर्ता गर्दा रु. १००० र प्रदेशको वजेटवाट संचालित योजनाको मुहान दर्ता गर्दा रु २००० लाग्नेछ। प्रदेशको योजनाको मुहान नविकरण गर्दा रु १००० लाग्नेछ।

१६. गाउँपालिकावाट उत्पादित कफीको विरुवाको दररेट रु ४० लाग्नेछ।

१७. पशुपन्छीको गोवर परिक्षण गर्दा प्रति पटक रु ५० दस्तुर लाग्नेछ।

१८. उद्यम व्यवसाय दर्ता र नविकरण गरी नियमित संचालनका लागि दर्ता गरी हालको मिति सम्म नविकरण नगरेका सम्पुर्ण उद्यम व्यवसाय कृषि फर्महरुलाई आ.ब.२०८३/०८४ को साउन भाद्र र असौज मसान्त सम्ममा नविकरण गर्दा न्युनतम नविकरण शुल्क लिई सम्पुर्ण जरिवाना छुट गरिने निति अवलम्वन गरिनेछ। असौज मसान्त सम्ममा नविकरण नगरेमा सम्पुर्ण जरिवाना लाग्नेछ।